| | |
|---|---|
| ऐन संख्या :- | ६ |

# चौविसे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन

## २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७५/०१/०४ |

चौविसे गाउँ पालिका
धनकुटा जिल्ला
१ नं. प्रदेश

प्रस्तावना:

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमचौविसेगाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम चौविसेगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन चौविसेगाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले चौविसेगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले चौविसेगाउँपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले चौविसेगाउँपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभासम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त चौविसेगाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधीनमा रही चौविसेगाउँपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागूगर्न सक्ने छ ।